मालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दरवाङ, म्याग्दी

# दोस्रो त्रैमासिक प्रतिवेदन

## आर्थिक वर्ष २०८२/२०८३

आज मिति २०८२ साल माघ महिनाको ७ गते बुधबारका दिन मालिका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री हरिश्चन्द्र ढकालज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कर्मचारीहरुको उपस्थितमा बैठक बसी दोस्रो त्रैमासिकमा भए गरेका कार्यक्रमहरुको समिक्षा तथा प्रगति प्रतिवेदन उपर छलफल गरियो ।

उपस्थिति :

| क.सं. | नाम,थर | पद/कार्यालय | हस्ताक्षार |
|---|---|---|---|
| १. | श्री हरिश्चन्द्र ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| २. | अशोक रिजाल | शिक्षा अधिकृत | |
| ३. | श्री आराम थापा मगर | प्रशासकीय अधिकृत | |
| ४. | श्री सोम बहादुर के.सी. | योजना अधिकृत | |
| ५. | श्री राजेश थापा मगर | जनस्वास्थ्य अधिकृत | |
| ६. | श्री सन्तु कुमारी कार्की | सि.अ.न.मी. | |
| ७. | श्री सागर पौडेल | स.ले.अ | |
| ८. | श्री दिपक सापकोटा | सि.सब.ई | |
| ९. | श्री मिठु आचार्य | न्यायिक सहजकर्ता | |
| १० | बसन्त थापा मगर | स.प्र.अ. | |
| ११. | सरोज पन्थ | प.स्वा.प्रा. | |
| १२. | श्री सुस्मिता सुवेदी | कृषि स्नातक | |
| १३. | श्री सावित्री गर्बुजा पुन | रोजगार संयोजक | |
| १४ | लाल कुमारी रोका | एम.आई.एस.अपरेटर | |
| १५ | खशिला गुरुङ | सामाजिक परिचालिका | |
| १६ | अरविन्द भट्ट | सब इन्जिनियर | |
| १७ | [illegible] | उ.वि.ल. | |
| १८ | | | |

**छलफलको विषय: दोस्रो त्रैमासिक समिक्षा सम्बन्धमा ।**

**निर्णय** : कार्तिक, मंसिर र पुस महिनामा सम्पादित कार्यहरुको शाखागत समिक्षा गरियो । यस समयमा बार्षिक कार्यक्रम तथा बजेट बमोजिम तयार भएका सबै शाखाहरुको वार्षिक कार्ययोजना अनुरुप कार्य भइरहेको पाइयो । सबै शाखाहरुले आफुले तय गरेको वार्षिक कार्ययोजना बमोजिम कार्यलाई निरन्तरता साथै समयमै सम्पन्न गर्ने अझै केन्द्रित भई कार्य गर्ने प्रतिबद्धता गरियो । साथै लिजा र फ्राका सूचकहरुलाई प्राथमिकता दिई कार्य सम्पादन गर्ने निर्णय गरियो ।

## आर्थिक बर्ष २०८२/०८३ को दोस्रो त्रैमासिक अवधिमा

## विषय क्षेत्रगत रूपमा सम्पन्न योजना तथा कार्यक्रमहरूको प्रगति विवरणः-

**प्रशासन शाखा**

- मालिका गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत करार तथा अस्थायी सेवामा कार्यरत ६७ जना कर्मचारीहरुको अर्धवार्षिक का.स.मु. मुल्याङ्न गरिएको ।
- करार सेवामा अधिकृत स्तरको कर्मचारी १ जना सहायक पदमा १२ जना नयाँ नियुक्ती गरिएको ।
- ऐतिहासिक १८ औ गाउँसभामा आवश्यक सहजिकरण गरिएको ।
- कार्यालयमा दैनिक रुपमा प्राप्त भएका पत्र/निवेदनहरुलाई दर्ता तथा चलानी गरिएको ।
- बिभिन्न कार्यालयहरुमा आवश्यकता बमोजिमका पत्रहरु प्रेषित गरिएको ।
- कर्मचारीहरुको द्रोस्रो त्रैमासिकको हाजिरी प्रतिबेदन अध्यावधिक गरिएको ।
- नियमित कर्मचारी वैठक सम्पन्न गरिएको ।

**सुचना प्रविधि शाखाः-**

- विकास भइसकेको प्रणालिहरुको सुधार तथा परिमार्जन सम्बन्धी कार्य गरिएको ।
- नेटवर्किङ इन्टरनेट वाइफाइको कनेक्टिभिटि सिसिटिभि आदिको व्यवस्थापन गरिएको।
- वेभसाइट तथा इमेल व्यवस्थापन गरिएको ।
- सन्चालित विभिन्न प्रणालि सन्चालनमा आइपर्ने समस्याहरुको समाधान गरिएको ।
- सूचना प्रविधि सम्बन्धी हार्डवेयर तथा सफ्टवयेर सपोर्ट गरिएको ।
- सूचना प्रविधि उपकरण तथा प्रणालीको मर्मत सम्भार सम्बन्धी कार्य गरिएको ।
- सूचना प्रविधि सम्बन्धी अन्य आवश्यक कार्यहरु गरिएको ।
- गाउँपालिकाबाट विभिन्न कार्यालय तथा मन्त्रालयहरु गरिने पत्राचार गरिएको ।
- सामाजिक सञ्जाल तथा वेवसाईटमा कार्यपालिकाको निर्णयहरु, गाउँपालिका कार्यालयबाट जारी वभिन्न सूचनाहरु, शाखागत प्रतिवेदनहरु राखी प्रचार तथा सार्वजनिक गरिएको ।

**आर्थिक प्रशासन शाखाः**

**आ.व. २०८२/०८३ मा वार्षिक खर्च विवरणः-**

| शीर्षक | बार्षिक बजेट(रू.) | खर्च(रू.) | खर्च(%) |
|---|---|---|---|
| चालु | ३४,७२,७७,८४९ | १०,४७,०१,७६४ | ३०.१५ |

| | | | |
|---|---|---|---|
| पुँजिगत | ११,२९,२५,५०० | ३९,३४,८५६ | ३.४८ |
| जम्मा | ४६,०२,०३,३४९ | १०,८६,३६,६२० | ३३.६ |

**राजस्व सङ्कलन विवरण आन्तरिक राजस्व तर्फः-**

| राजस्व संकलन गर्ने कार्यालय | राजस्व रकम (रू.) | कैफियत |
|---|---|---|
| मालिका गाउँपालिका, म्याग्दीको कार्यालय | २०३७५८२ | |
| वडा नं. १, निस्कोट | १२३६४० | |
| वडा नं. २, रुम | १८५५६१ | |
| वडा नं. ३, डाडाँगाउँ | २२३८२५ | |
| वडा नं. ४, ओखरबोट | २४३५८५ | |
| वडा नं. ५, देविस्थान | २९६४८२ | |
| वडा नं. ६, दरवाङ | ४२१६७० | |
| वडा नं. ७, बिम | १८४११० | |
| **जम्मा** | **३७१६४५५** | |

**योजना शाखा/ भौतिक तथा पूर्वाधार शाखाः-**

मालिका गाउँपालिकाको आ.व.२०८२।०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस योजना शाखाबाट भौतिक पूर्वाधार तर्फ उपभोक्ता समिति मार्फत सम्झौता भएका योजनाहरु तथा कार्यक्रमहरुको विवरण तपसील बमोजिम रहेको छ।

| वडा नं. | उपभोक्ता समिति मार्फत योजना सम्झौता संख्या | योजना सम्पन्न संख्या | कार्यक्रम तर्फ | वि.व्य.स./बिभिन्न क्लवहरु मार्फत भएको योजना सम्झौता | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १ | ० | ० | ० | |
| २ | ० | ० | ० | ० | |
| ३ | ४ | ० | ० | ० | |
| ४ | ० | ० | ० | ० | |
| ५ | १ | ० | ० | ० | |
| ६ | ८ | ० | ० | ० | |
| ७ | २ | ३ | ० | ३ | |
| जम्मा | १६ | ३ | ० | ३ | |

- गत आ.व.हरु मा संचालन भएका योजना कार्यक्रम संचालनका लागि खोलिएका बैंक खाताहरु बैंक फुकुवा सिफारिस तथा विभिन्न मन्त्रालय, कार्यालयहरुमा कार्यालय सम्बन्धी परिपत्रको गरिएको छ।
- मनसुनी अबिरल वर्षाको कारण गाउँपालिका भित्र रहेका वडा तथा बस्तीहरुमा जाने मोटर बाटोहरु अवरुद्ध भएकोले उक्त मोटरबाटो संचालनका लागि प्राविधिकहरुले प्रत्यक्ष फिल्डमा अनुगमन गरि लागत ईष्टिमेटको आधारमा अवरुद्ध सडक खोली नेपालीहरुको महान चाडपर्वको समयमा स्थानीयहरुलाई यातायात एवं सामाग्री ढुवानीमा सहज भएको छ।
- उपभोक्ता समितिहरुलाई योजना सम्झौता तथा भुक्तानी सहजताको लागि प्रत्येक वडाहरुमा फर्म्याट डिजाईन गरि पठाई कार्य अगाडी बढाईएको छ।
- योजना तथा कार्यक्रमको संचालनको लागि शाखागत रुपमा तथा वडा कार्यालयहरुसँग समन्वय गरि कार्य अगाडी बढाईएको छ।
- अन्यः यस शाखाबाट हुने सेवाग्राहीहरुलाई दैनिक सेवाहरु प्रवाह भईरहेको र दैनिक कार्यका लागि शाखागत रुपमा समन्वयको कामहरु भईरहेको छ।

**शिक्षा शाखाः-**

आ.ब.२०८२/०८३ को कात्तिक देखी हालसम्म शिक्षा शाखा तर्फको प्रगती बिबरण ॥

१. गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयको लागि कात्तिक र मंसिर महिनाको मासिक तलबभत्ता खर्च रकम विद्यालयको खातामा निकासा पठाइएको र पौष महिनाको मागफारम माग गरिएको ।

२.सामुदायिक विद्यालयहरुको आ.व. २०८१/०८२ को आर्थिक कारोबारको लेखा परीक्षण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ज को बुँदा नम्बर २१ को अधिकारको प्रयोग गरी विद्यालयको लेखा परिक्षण गर्नको लागि सूचना प्रकाशन गरि दर्तावाला लेखापरिक्षकहरुको नामावली शाखामा राखिएको ।

३. शैक्षिक सत्र २०८२ को सम्पुर्ण स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन राष्ट्रिय कितावखाना (शिक्षक)-काठमाडौ मार्फत प्रमाणित गरि अभिलेख राखिएको ।

४. गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयले तेस्रो त्रैमासिक परिक्षा पौष ३ देखी ११ गतेसम्म सञ्चालन गरि विद्यार्थीहरुको सिकाई मुल्याकंन तथा नतिजा प्रकाशनको काम सम्पन्न गरेको ।

५. EMIS अपडेट, शिक्षक कार्य सम्पादन मुल्याकन फारामहरुको मुल्याकंन, विषयगत शिक्षक तालिम, प्रधानाध्यापक बैठक तथा शाखाका अन्य कामकाजहरु नियमित भएको ।

६. गाउँपालिका अन्तर्गतका सम्पुर्ण माध्यमिक तथा केही आधारभुत विद्यालयमा शिक्षा विकास तथा समन्वय इकाई, म्याग्दी र शिक्षा शाखा मार्फत विद्यालयको शैक्षिक, भौतिक, आर्थीक तथा वातावरणीय पक्षको अनुगमन तथा निरिक्षण गरि आबश्यक पृष्ठपोषण प्रदान गरिएको ।

७. गाउँपालिका स्तरिय छैंठौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मंसिर १६,१७ र १८ गते सञ्चालन र जिल्लास्तरमा मंसिर २५ र २६ गते सञ्चालन भई सम्पन्न भएको ।

८. माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकहरुको लागि शैक्षिक गुणस्तर अभिवृद्धि सम्वन्धी अन्तरक्रिया कार्यक्रम मंसिर १० गते शि.वि.स.ई र पालिकाद्धारा सञ्चालन गरिएको ।

९. प्रधानाध्यापकहरुसँग नियमित छलफल, सम्पर्क साथै स्थानीय पाठ्कमको प्रक्रियाको थालनी, ReAL Plan Programme, शैक्षिक प्रशासनिक कामकाज तथा शाखासँग सम्वन्धित विविध कामहरुमा शाखा जिम्मेवार रहि कार्य सञ्चालन गरेको ।

**स्वास्थ्य शाखा:**

आ.व. २०८२/०८३को दोस्रो त्रैमासिकमा मालिका गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट जम्मा ६६१३ जना सेवाग्राहीहरुले सेवा पाएका छन्, जसमध्ये महिला ३९२४ जना र पुरुष २६८९जना रहेका छन् । ६९६ जना ७० वर्ष माथीका ज्येष्ठ नागरिकहरुले सेवा लिएका छन् ।

- यस त्रैमासिकमा ६ वटा गाउँघर क्लिनिकबाट २८७ जनालाई सेवा दिईएको छ ।
- यस त्रैमासिकमा १६ वटा खोप क्लिनिक/सेसनबाट ३३८ जना लाई सेवा दिईएको छ ।जसमध्ये ५० जनाले वि.सि.जी. खोप लगाएका छन भने ५४ जना वालबालिकाहरुले पूर्णखोप पाएका छन्, साथै सोही सेसनमा संचालन भएको सरसफाई प्रवर्दन कार्यक्रमा ३७० जना सहभागी भएका थिए ।
- यस त्रैमासिकमा ५४ जना महिला सामुदायीक स्वास्थ्य स्वयम् सेविकाहरुले २२०४ जनालाई सेवा दिएका थिए ।

- यस त्रैमासिकमा २ महिना मुनिका १० जना र २ महिनादेखि ५ वर्षसम्मका ४५८ जना बालबालिकाहरुले सेवा लिएका छन् । जसमा २२० जना स्वासप्रस्वास र ३८ जना झाडापखालाका विरामी थिए ।
- पोषण सेवा अन्तर्गत ३९ जना नयाँ बालबालिकाहरुले पहिलो पटक बृद्दी अनुगमन गरेका छन् भने ० देखि ११ महिनाको ३२१ जना र १२ देखि २३ महिनाको २६१ जना बालबालिकाहरुले दोहोर्याएर बृद्दी अनुगमन गरेका छन् ।
- यस त्रैमासिकमा ३७ जना गर्भवती महिलाहरुले पहिलो आईरन चक्की खाएका छन् भने ३५ जना गर्भवती महिलाहरुले १८० आईरन चक्की खाईसकेका छन् ।
- यस त्रैमासिकमा मालिका गाउँपालिका अन्तर्गतका ५ वटा बर्थिंग सेन्टरहरुबाट जम्मा २७ जना सुत्केरी महिलाहरुले सेवा पाएका छन । जसमध्ये २० वर्षमुनिका ८ जना र २० वर्षमाथीका १९ जना रहेका छन् । घरमा सुत्केरी हुने महिलाहरु ० जना रहेका छन् ।
- यस त्रैमासिकमा परिवार नियोजन सेवा अन्तर्गत ४,९८० गोटा कन्डम वितरण गरिएको थियो, त्यस्तै पिल्स प्रयोगकर्ता २४ जना, डिपो प्रयोगकर्ता ४ जना , ईम्प्लानट २३२ जना, आई.यु.सी.डी १५ जना रहेका छन् ।
- यस त्रैमासिकमा क्षयरोगका २ जना विरामी थपिएका छन । पुरानो क्षयरोगीहरुले निरन्तर DOTS विधिबाट उपचार पाईरहेका छन् । भने २ जना विरामीले उपचार पुरा गरेका छन् ।
- यस त्रैमासिकमा २३ जना महिलाहरुले सुरक्षित गर्भपतन सेवा लिएका छन् ।

## कृषी शाखा/पशु सेवा शाखा

कृषी शाखा अन्तर्गत आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक प्रगति विवरणः-

- खाद्यान्न बालीको बिउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ३४० के.जी. WK-1204 जातको गहुँको उन्नत बिउ २ वटा कृषक समुह र १३ जना कृषकहरुलाई वितरण गरिएको।
- कृषि पशु तथा मत्स्य तथ्याङ्क अध्यवधिक कार्यक्रम अन्तर्गत वडा नं ३ को पहिलो चरणको listing कार्य सम्पन्न गरिएको।
- कृषि ज्ञान केन्द्र द्वारा आयोजित १ दिने माटो शिविर कार्यक्रमका लागी प्राविधिक सहयोग तथा समन्वय गरिएको- माटो शिविरमा मालिका गाँउपालिका वडा नं ६ का ४६ कृषकको माटो परिक्षण गरिएको।
- संघिय सशर्त हस्तान्तरित कार्यक्रम अन्तर्गतका कार्यक्रमहरुः राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम रैथाने बाली प्रवर्द्धन कार्य्रक्रम मध्य पहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम हरु सन्चालनका लागी सूचना प्रकाशन गरी कृषकहरुबाट माग संकलन गरिएको। अनुगमन र ईष्टिमेट तयारीको चरणमा रहेको।
- वडा नं १, २, क४, ६ र ७ मा रहेका विभिन्न हाते ट्र्याक्टर तथा टनेल खरिद कार्यक्रमका लागी सम्बन्धित वडा कार्यालय मार्फत सूचना प्रकाशन साथै माग संकलन तथा लाभग्राही छनौट खरिद समितिको निर्णयका कामहरु सम्पन्न गरि electronic-bid तथा quotation प्रकाशनको लागी तयारीको चरणमा।
- कृषिजन्य बीउविजन तथा विषादी खरिद तथा वितरण कार्यक्रम अन्तर्गत बिउविजन तथा विषादी आपुर्तिकर्ता मार्फत खरिद तथा दाखिला गरी आवेदकहरुलाई वितरणको चरणमा रहेको।
- मालिका गाँउपालिकाका विभिन्न स्थानहरुमा फिल्ड भिजिट गरि कृषकलाई सेवा तथा परामर्श दिइएको
- विभिन्न तरकारी तथा फलफुलका रोगकिरा नियन्त्रणका लागी यस शाखामा सम्पर्क गरेका ८० कृषकलाई आवश्यक विषादीहरु वितरण गरिएको।

## पशु सेवा शाखा अन्तर्गत आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक प्रगति विवरणः-

| सि.न. | कार्यक्रम विवरण | ईकाइ | हाल सम्मको प्रगति | कै. |
|---|---|---|---|---|
| १ | **कृत्रिम गर्भाधान** | संख्या | ७१ | |
| १.१ | गाई | ,, | १० | |
| १.२ | भैंसी | ,, | ६१ | |

| | | | | |
|---|---|---|---|---|
| १.३ | बाखा | | | |
| २ | **पशु स्वास्थ्य कार्यक्रम** | " | | |
| २.१ | मेडिकल उपचार | " | ३८४३ | |
| २.२ | माइनर सर्जिकल उपचार | " | २० | |
| २.३ | गाईनोक्लोजिकल उपचार | " | १८ | |
| **३.१** | **खोप कार्यक्रम** | " | | |
| **३.१** | ए.आर.भि | " | १३ | |
| **३.२** | खोरेत | " | ० | |
| **३.३** | एच.एस/वि.क्यु | " | ० | |
| **३.४** | स्वाइन फि. | | ० | |
| **३.५** | लम्पी | | ० | |
| **३.६** | पि.पि.आर | | ० | |
| **४** | **प्रयोगशाला सेवा** | सं. | | |
| ४.१ | गोवर परिक्षण | संख्या | ११ | |
| ४.२ | थुनेलो परिक्षण | संख्या | ३ | |
| ४.३ | शव परिक्षण | संख्या | | |
| **५** | **पशु बन्ध्याकरण** | संख्या | | |
| | बहर | संख्या | १० | |
| | बोका | संख्या | १२ | |
| | बंगुर | संख्या | ५ | |

**<u>रोजगार सेवा केन्द्रः-</u>**

- चालु आ.व. को दोस्रो त्रैमासिक अवधिमा वैदेशिक रोजगारबाट बिदामा घर आएका ३३ जनालाई श्रम स्वीकृतीका लागि सहजीकरण गरि श्रम स्वीकृती प्रदान गरिएको छ ।
- चालु आ.व.मा वैदेशिक रोजगारीमा मृत्यु भएका व्यक्तिहरुको सन्तानका लागि छात्रवृत्ति उपलब्ध गराउन सम्बन्धित विद्यालयबाट छात्रवृत्ति दिन उपयुक्त छ भनी सिफारिस भई आएका निवेदनहरुमा गाउँ शिक्षा समिति मार्फत सिफारिस भई आएका १० जना विद्यार्थीहरुको कागजातहरु वैदेशिक रोजगार बोर्डको सचिवालयमा पेश गरिएको छ ।
- वैदेशिक रोजगारको क्रममा मृत्यु भएका १ जना श्रमिकको परिवारलाई क्षतिपूर्ति स्वरुपको रकम वैदेशिक रोजगार बोर्ड मार्फत उपलब्ध गराउन सफल भएको छ ।
- रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०८२/०८३ का लागि छनौट भएका योजनाहरुको स्थलगत सर्भे कार्य भई २ वटा योजनाहरु सम्झौता गरी सञ्चालनमा रहेका छन् भने अन्य योजनाहरु सम्झौतामा प्रक्रियामा रहेको छन् ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम चौथो मोडालिटी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भै सकेको छ ।
- समुदाय स्तरमा रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगार सम्बन्धि सेवाको सूचना प्रवाह कार्यक्रम १ इभेन्ट सम्पन्न भएको छ ।
- रोजगार सूचना प्रणाली (EMIS) मा तथ्याङ्क प्रविष्टि र व्यवस्थापन कार्य गर्दै आएको छ ।
- स्थानीय, राष्ट्रिय तथा वैदेशिक रोजगारका अवसरहरूको जानकारी संकलन गरी सेवाग्राहीलाई सूचना प्रवाह गर्ने कार्य गर्दै आएको छ ।
- चालु आ.व. को दोस्रो त्रैमासिक अवधिमा मनोसामाजिक परामर्शकर्ता पदपूर्ति गरिएको छ ।
- मालिका गाउँपालिकाका १ जना व्यक्तिलाई मनोसामाजिक परामर्श दिइएको छ ।
- चालु आ.व. को दोस्रो त्रैमासिक अवधिमा मालिका गाउँपालिकाबाट श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा जानुहुने कामदारहरुको विवरणः-

| वडा / देश | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | अन्य गाउँपालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कतार | १ | १ | १ | | | २ | | | ५ |
| क्रोसिया | | | | | २ | | | | २ |
| जम्मा | ४ | ५ | ३ | ५ | ४ | ९ | २ | १ | ३३ |
| मलेसिया | | १ | १ | ३ | २ | १ | | १ | ९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| यू.ए.ई. | १ | | | | | २ | | | ३ |
| रोमनिया | | | | १ | | १ | | | २ |
| साउदी अरेविया | २ | ३ | | १ | | ३ | २ | | ११ |
| हङ्गेरी | | | १ | | | | | | १ |
| जम्मा | ४ | ५ | ३ | ५ | ४ | ९ | २ | १ | ३३ |

## <u>सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाः-</u>

सामाजिक सुरक्षा भत्ताको दोस्रो त्रैमासिक प्रगति प्रतिवेदन

| वडा | अन्य जेष्ठ नागरिक भत्ता (७.१.१.५१) | जेष्ठ नागरिक भत्ता (दलित)(७.१.१.१८) | जेष्ठ नागरिक एकल महिला (७.१.१.२१) | विधवा (आर्थिक सहायता)(७.१.१६) | क बर्ग (७.१.१.२३) | ख बर्ग (आर्थिक सहायता)(७.१.१.८) | दलित बालबालिका (७.१.१.१०) | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २२८०००० | २८७२८० | १४३६४० | २२३४४० | ११९७० | १४०४४८ | ८७०१५ | ३५२ | ३१७३७९३ |
| २ | ३३३६१३३ | ७४२१४० | २५५३६० | ३११२२० | २३९४० | १०२१४४ | १९३२३८ | ५८८ | ४९६३१११ |
| ३ | १८४४००० | ३८५०७९ | १४३६४० | ३२७१८० | ३५९१० | ७०२२४ | १०८५६३ | ३४७ | २९१४५९६ |
| ४ | २४८८००० | ६३०४२० | ११९७०० | १६२२६० | ११९७० | ९५७६० | १३५०६३ | ४३८ | ३६४३१७३ |
| ५ | ४९०४००० | ३२९८४० | ३१३८८० | ३०८५६० | २३९४० | १२७६८० | ९२६४० | ६१६ | ६१००५४० |
| ६ | ३१७६००० | ३५९१०० | ३२९८४० | २८४६२० | ८३७९० | २२९८२४ | ७७१९३ | ४८६ | ४५४०३६७ |
| ७ | १९६५२०० | १६१०१९ | २०७४८० | २०७४८० | ११९७० | ४४६८८ | ३०३२४ | २६५ | २६२८१६१ |
| जम्मा | १९९९३३३३ | २८९४८७८ | १५१३५४० | १८१६७८० | २०३४९० | ८१०७६८ | ७२२९७२ | ३०९१ | २७९५५७६१ |

व्यक्तिगत घटनादर्ता को दोस्रो त्रैमासिक प्रगति प्रतिवेदन

**जिल्ला** : म्याग्दी **गा.पा.न/पा.** : मालिका **दर्ता मिति देखि**: २०८२०१-०७- **दर्ता मिति सम्म**: २०८२-०९-२९

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ८ | ७ | १५ | ३ | २ | ५ | २ | ७ | | | २ | ६ | ३१ |
| २ | ११ | १० | २१ | ७ | ५ | १२ | १ | १२ | १ | १ | १ | ४ | ४८ |
| ३ | १६ | १३ | २९ | २ | २ | ४ | २ | १० | | | | | ४५ |
| ४ | ९ | ९ | १८ | ३ | २ | ५ | १ | १२ | | | ४ | १० | ४० |
| ५ | ११ | १२ | २३ | ५ | ४ | ९ | १ | १३ | | | १ | ४ | ४७ |
| ६ | ८ | ९ | १७ | १ | १ | २ | ४ | १० | १ | ४ | १ | १ | ३५ |
| ७ | ५ | ७ | १२ | १ | | १ | ३ | ७ | १ | १ | २ | ८ | २६ |
| **जम्मा** | ६८ | ६७ | १३५ | २२ | १६ | ३८ | १४ | ७१ | ३ | ६ | ११ | ३३ | २७२ |

**व्यक्तिगत घटनादर्ता प्रतिलिपि संख्या प्रतिवेदन**

| दर्ता मिति देखि: २०८२०१-०७- दर्ता मिति सम्म: २०८२२९-०९- | | | | | |
|---|---|---|---|---|---|
| वडा | जन्म | मृत्यु | विवाह | बसाइँ सराइ | सम्बन्ध बिच्छेद |
| १ | ३५ | १ | ५ | | |
| २ | १०९ | २ | ३ | | |
| ३ | १३० | ६ | १३ | | |
| ४ | ५९ | | ४ | | |
| ५ | ७७ | २ | ६ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ६६ | ४ | ९ | | |
| ७ | ३२ | | ५ | १ | |
| जम्मा | ५०८ | १५ | ४५ | १ | ० |

**न्यायिक शाखाः-**

न्यायिक समितिबाट सम्पादन गरेका त्रैमासिक प्रगति (कार्तिक देखि पौषसम्म २०८२ )

- उजुरी दर्ता -२
- प्रतिवाद दर्ता-२
- मुद्दा फछ्र्यौट-१
- न्यायिक समिति बैठक -२
- मिलापत्रको नियमित अनुगमन र छलफल — २
- मेलमिलाप केन्द्र स्थापना तथा संचालन कार्यविधी २०८२
- विविध समस्यामा सहजिकरण -९ जना
- न्यायिक सम्वाद तथा कानुनी सचेतना अभिमुखीकरण कार्यक्रम संचालन ५ वडामा २६० जना सहभागी

**लघु उद्यम विकास शाखाः-**

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय नेपाल सरकारको आर्थिक सहयोग तथा मालिका गाउँपालिका,गाउँ कार्यपालिका अन्तरगत संचालन भएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमले स्थानिय श्रोत र साधनको प्रयोग गरी न्यून आय भएका परिवार, दलित, जनजाती, महिला, तथा वेरोजगार युवाहरुलाई सिप तथा क्षमता विकास गरी व्यवसाय संचालन गर्नका लागि उत्साहित गर्ने छ । यसरी सिप तथा क्षमता विकासको माध्यमद्धारा व्यवसाय संचालन गरी न्यून आय स्तर भएका परिवारहरुको आर्थिक विकास गरी गरिवी निवारणमा सहयोग पुर्याउने छ।त्यसैले यस दोस्रो चौमासिक अवधिमा यस मेड्पा शाखाबाट भएका कृयाकलापहरुः-

क. कार्यक्रमको वारे जानकारी दिनको लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरी सम्भाव्य उद्यमीहरुको पहिचाहन गरिएको ।

**महिला तथा बालबालिका, जेष्ठ नागरिक विकास शाखाः-**

आ.व. २०८२।०८३ को दोस्रो त्रैमासिक अवधिमा गरिएका मुख्य-मुख्य प्रगति विवरणहरुः

मालिका गाउँपालिका,गाउँ कार्यपालकाको कार्यालय दर्बाङ्ग म्याग्दी अन्तरगत रहेको महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा एक हो । जसले महिला,वालवालिका,जेष्ठ नागरिक,अपाङ्ग तथा अनाथहरुको हिक र समाज कल्याण सम्मन्धी कार्य गरी आवश्यक नीति,योजना र कार्यक्रम तयार गरी सम्वन्धित सबै निकायहरुसंग

समन्वय राखी कार्यान्वयन गर्ने गराउने उद्देश्य रहेको छ । यसै अनुरुप यस महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा दोर्सो त्रैमासिक प्रगति विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ।

<u>तपसिलः</u>

क) दोस्रो त्रैमाषिक मा जारी गरिएका अपाङ्गता परिचयपत्र सङ्ख्या- ७ जनालाई

क वर्गको-१ जना

ख वर्गको- ४ जना

ग वर्गको- २

घ वर्गको- ०

ख) अपाङ्ग सिफारिस समन्वय समितिको बैठक सञ्चालन- २ पटक